# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

**कार्यक्षमता मुल्याङ्कनद्वारा हुने बढुवा विज्ञापन**

**सूचना नं. ४८/२०८१-०८२**

(प्रथम पटक प्रकाशितः मितिः २०८१/१२/२२)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपशिल बमोजिमका पदहरु कार्यक्षमता मुल्याङ्कनद्वारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तिन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) बर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति २०८२/०१/११ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/०१/१८ गते सम्ममा अनलाईन दरखास्त आव्हान गरिन्छ । तोकिएको म्याद भित्र अनलाईन अपलोड नभएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन । झूठा विवरण उल्लेख गरेको वा पेश गरेको पाईएमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनेछ । दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/११ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन ।

**अनलाईन दरखास्तको साथमा निम्न लिखित कागजातहरुको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र
- विज्ञापित पद/तहको लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरुको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ बर्ष र सहायक तहको हकमा ३ बर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कूल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र
- प्रतिष्ठानको नियमानुसार तोकिएको अवधि अनुसार का.क्ष.मु. विवरण सम्बन्धित कार्यालयमा बुझाईएको हुनुपर्ने
- उम्मेदवारको दस्तखतको डिजिटल कपी अपलोड गर्ने
- दरखास्त दस्तुर आवेदनको लिङ्क भित्र रहेको अनलाईन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ
- अनलाईन आवेदनको लागि https://www.pahssc.pahs.edu.np मा गई दरखास्त पेश गर्न सकिनेछ
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम ३८ बमोजिम हुने
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ
- बढुवा हुने पद भन्दा तल्लो तहको पदमा आवश्यक पर्ने आ.व. को का.स.मु. फाराम बुझाएको विभाग र आ.व. उल्लेखित विरण समेत भर्नुपर्ने छ
- अन्य विस्तृत जानकारी सेवा आयोगको वेवसाइट https://www.pahs.edu.np/servicecommission मा प्रकाशित गरिनेछ ।

| क्र.सं | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | ११ | १ | २५०० | MD Obs/Gyn |
| २ | २/२०८१-०८२ | प्राध्यापक | प्राज्ञिक | जीव रसायन | | ११ | १ | २५०० | स्नातकोत्तर |

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | एनेस्थेसिया | | १० | १ | २००० | MD Anesthesiology |
| ४ | ४/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | १० | १ | २००० | MD Obs/Gyn |
| ५ | ५/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | Adult Health | १० | १ | २००० | MN in Adult Health |
| ६ | ६/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | Child Health | १० | १ | २००० | MN in Child Health |
| ७ | ७/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | हस्पिटल मिडवाईफरी | १० | १ | २००० | MN in Advanced Women Health |
| ८ | ८/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | Community Midwifery | १० | १ | २००० | MN in Advanced Women Health |
| ९ | ९/२०८१-०८२ | नर्सिङ्ग सुपरभाईजर | प्राविधिक | नर्सिङ्ग | | ९क | १ | १६०० | स्नातकोत्तर |
| १० | १०/२०८१-०८२ | प्रमुख ल्याब टेक्नोलोजिष्ट | प्राविधिक | ल्याब | | ८ख | १ | १४०० | स्नातक |
| ११ | ११/२०८१-०८२ | प्रमुख नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८ख | ३ | १४०० | स्नातक |
| १२ | १२/२०८१-०८२ | सिनियर नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८ क | ६ | १४०० | स्नातक |
| १३ | १३/२०८१-०८२ | सिनियर रेडियोलोजी टेक्नोलोजिष्ट | प्राविधिक | रेडियोलोजी | | ८ क | १ | १४०० | स्नातक |
| १४ | १४/२०८१-०८२ | नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ७ | ३ | १४०० | स्नातक |
| १५ | १५/२०८१-०८२ | रेडियोलोजी टेक्नोलोजिष्ट | प्राविधिक | रेडियोलोजी | | ७ | २ | १४०० | स्नातक |
| १६ | १६/२०८१-०८२ | सि. स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ६ | ३ | १००० | प्रमाणपत्र |
| १७ | १७/२०८१-०८२ | सि. ईलेक्ट्रिसियन | प्राविधिक | जनरल मेन्टेनेन्स | | ४ | १ | ८०० | एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित बिषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद् (CTEVT) द्धारा न्यूनतम १८ महिने तालिम |
| १८ | १८/२०८१-०८२ | सि. प्रशासन अधिकृत | प्रशासन | सामान्य प्रशासन | | ८ख | १ | १४०० | स्नातक |

**आबश्यक थप योग्यता :** प्राज्ञिकतर्फ बढुवाको लागि पाटन स्वास्थ्य प्रतिष्ठान कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) नियम ३७ (२) संग सम्बन्धित अनुसूची - ११ बमोजिम हुने छ ।

**अन्य बिषयः-** सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) तथा प्रचलित कानून बमोजिम हुनेछ । विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**सचिव**

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

**आन्तरिक प्रतियोगिता र खुल्ला तथा समावेशी विज्ञापन**
**सूचना नं ४९/२०८१-०८२**

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन सेवा तर्फका विभिन्न रिक्त पदहरुको लागि लोक सेवाआयोगबाट प्राप्त सहमति अनुसार निम्न लिखित पदहरुमा खुल्ला तथा समावेशी प्रतियोगिताद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले अधिकृत पदको लागि २१ (एक्काइस) बर्ष तथा सहायक पदको लागि १८ (अठार) बर्ष उमेर पूरा भएका र प्राज्ञिक सेवा तर्फ सहायक प्राध्यापक पदको लागि ४२ वर्ष, सह-प्राध्यापक पदको लागि ४५ वर्ष, प्राध्यापक पदका लागि ५० वर्ष, प्राविधिक सेवा तर्फ ४० बर्ष, प्रशासन सेवा तर्फ ३५ बर्ष उमेर ननाघेका योग्य नेपाली नागरिकहरुबाट र आन्तरिक प्रतियोगितात्मक बढुवा तर्फ सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तिन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) बर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत स्थायी कर्मचारीहरुले मिति २०८२/०१/११ गते सम्म र दोब्बर दस्तुर भुक्तान मिति २०८२/०१/१८ गते सम्ममा रितपूर्वक अनलाईन दरखास्त आव्हान गरिन्छ । खुला तथा समावेशी तर्फ प्रतिष्ठानमा बहालवाला स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन । तोकिएको म्याद भित्र अनलाईन अपलोड नभएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । झूठो विवरण उल्लेख गरेको पाईएमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनुपर्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/११ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन ।

**अनलाईन दरखास्तको साथमा निम्न लिखित कागजातहरुको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ।
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र ।
- विज्ञापित पद/तहको लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र ।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरुको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र ।
- आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात
- मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराईएको कागजात ।
- दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराईएको कागजात ।
- अपाङ्गका हकमाः समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानिय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।
- पिछडिएको क्षेत्रका हकमाः निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा संघिय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा । स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यन्त्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, जिल्लामा विवाह गरी वा बसाईसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईसराईको हकमा छाडेको र गएको स्थानिय तह/निकायको बसाईसराई गरेको खुल्ने कागजात ।

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

- आन्तरिक प्रतियोगितात्मक बढुवा तर्फ प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ बर्ष र सहायक तहको हकमा ३ बर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कूल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र ।
- आन्तरिक प्रतियोगितात्मक बढुवा तर्फ दरखास्त शुल्कः (क) तह ११ - रु २५००/- (ख) तह १० - रु २०००/- (ग) तह ९'क' र ९'ख' - रु १६००/- (घ) तह ७ र ८ - रु १४००/- (ङ) तह ५ र ६ - रु १०००/- (च) तह ३ र ४ - रु ८००/- लाग्नेछ ।
- खुला तथा समावेशी तर्फ दरखास्त शुल्कः (क) तह ११ - रु ३०००/- (ख) तह १० - रु २५००/- (ग) तह ९'क' र ९'ख' - रु २२५०/- (घ) तह ७ - रु २०००/- (ङ) तह ५ - रु १५००/- (च) तह ३ - १२५०/- साथै प्रत्येक थप समुहको आवेदनमा थप शुल्क लाग्नेछ (क) तह ९'ख' - रु ४५०/- (ख) तह ७ - रु ४००/- (ग) तह ५ - रु ३००/- (घ) तह ३ - रु २५०/- लाग्नेछ ।
- उम्मेदवारको दस्तखतको डिजिटल (image/jpg/jpeg/png) कपी अपलोड गर्ने
- लिखित परीक्षा दस्तुर आवेदनको लिङ्क भित्र रहेको अनलाईन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ ।
- परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता
- लिखित परीक्षा लोक सेवा आयोगले लिनेछ ।
- सम्वन्धित पद/बिषयको पाठ्यक्रम प्रतिष्ठानको आवेदन लिंकमा र वेवसाइट https://www.pahs.edu.np/ServicCommission बाट डाउनलोड गर्न सकिनेछ ।
- अनलाईन आवेदनको लागि वेवसाइट https://www.pahssc.pahs.edu.np खुला तथा समावेशीको लिंकमा गई दरखास्त पेश गर्न सकिनेछ ।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम १८ बमोजिम उम्मेवार हुन अयोग्य उम्मेदवारहरुले दरखास्त पेश गर्न पाउने छैन ।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) तथा प्रचलित कानून बमोजिम अयोग्य र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ ।

| क्र.सं | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | आन्तरिक प्रतियोगिता | खुल्ला | समावेशी तर्फ | | | | | | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | |
| १ | १९/२०८१-०८२ | प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | | ११ | १ | | | १ पूनः | | | | | | MD Radiology |
| २ | २०/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | दन्त चिकित्सा | Maxillo-Facial | १० | १ | | १ | | | | | | | स्नातकोत्तर / Maxillofacial |
| ३ | २१/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | शल्यचिकित्सा | | ९ख | १ | | १ | | | | | | | MS General Surgery |
| ४ | २२/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | शल्यचिकित्सा | प्लास्टिक सर्जरी | ९ख | १ | | १ | | | | | | | MS/MCH Plastic Surgery |
| ५ | २३/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | शल्यचिकित्सा | युरोलोजी | ९ख | १ | | १ | | | | | | | MS/MCH Uro-Surgery |
| ६ | २४/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Medical Oncology | ९ख | १ | | | १ | | | | | | MD/DM/Fellowship in Medical Oncology |
| ७ | २५/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Endocrinology | ९ख | १ | | १ | | | | | | | MD/DM/Fellowship in Endocrinology |
| ८ | २६/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | क्रिटिकल केयर एण्ड रेस्पिरेटरी | ९ख | ३ | | २ | | | | | | | MD/DM/Fellowship in Pulmonology and Critical Care |
| | २७/२०८१-०८२ | | | | | | | | | | १ पूनः | | | | | |

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | २८/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | ९ख | ३ | | १ | | | | | | | MD Obs/Gyn |
| | २९/२०८१-०८२ | | | | | | | | | | १ | | | | | |
| | ३०/२०८१-०८२ | | | | | | | | | | | १ | | | | |
| १० | ३१/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | आकस्मिक तथा बहिरंग | Palliative Care | ९ख | १ | | | १ | | | | | | MD/Fellowship in Palliative Care |
| ११ | ३२/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | एनेस्थेसिया | | ९ख | ४ | | ३ | | | | | | | MD Anesthesiology |
| | ३३/२०८१-०८२ | | | | | | | | | | १ | | | | | |
| १२ | ३४/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | दन्त चिकित्सा | Orthodentics | ९ख | १ | | १ | | | | | | | MDS Orthodontics |
| १३ | ३५/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | दन्त चिकित्सा | Endodentics | ९ख | १ | | १ | | | | | | | MD Endodontics |
| १४ | ३६/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | | ९ख | ३ | | २ | | | | | | | MD Radiology |
| | ३७/२०८१-०८२ | | | | | | | | | | | | १ | | | |
| १५ | ३८/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | Interventional Radiology | ९ख | १ | | | १ | | | | | | स्नातकोत्तर गरी DM / Fellowship in Interventional Cardiology |
| १६ | ३९/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Neurology | ९ख | २ | | १ | | | | | | | स्नातकोत्तर गरी DM / Fellowship in Neurology |
| | ४०/२०८१-०८२ | | | | | | | | | *१ पूनः* | | | | | | |
| १७ | ४१/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Interventional Cardiology | ९ख | २ | | १ | | | | | | | स्नातकोत्तर गरी DM / Fellowship in Interventional Cardiology |
| | ४२/२०८१-०८२ | | | | | | | | | *१ पूनः* | | | | | | |
| १८ | ४३/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | आकस्मिक तथा बहिरंग | Emergency Medicine | ९ख | १ | | १ | | | | | | | स्नातकोत्तर गरी DM / Fellowship in Emergency Medicine |
| १९ | ४४/२०८१-०८२ | सहायक प्राध्यापक | प्राज्ञिक | शल्यचिकित्सा | Neuro Surgery | ९ख | १ | | | *१ पूनः* | | | | | | MCH / MS Neuro Surgery |
| २० | ४५/२०८१-०८२ | नसिङ्ग सुपरभाइजर | प्राविधिक | नसिङ्ग | | ९क | १ | १ | | | | | | | | स्नातकोत्तर |
| २१ | ४६/२०८१-०८२ | प्रमुख नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८ख | १ | १ | | | | | | | | स्नातक |
| २२ | ४७/२०८१-०८२ | सिनियर नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८क | ३ | ३ | | | | | | | | स्नातक |

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | ४८/२०८१-०८२ | नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ७ | ७ | १ | | | | | | | | स्नातक |
| | ४९/२०८१-०८२ | | | | | | | | ४ | | | | | | | |
| | ५०/२०८१-०८२ | | | | | | | | | १ | | | | | | |
| | ५१/२०८१-०८२ | | | | | | | | | | | | | १ | | |
| २४ | ५२/२०८१-०८२ | रेडियोलोजी टेक्नोलोजिष्ट | प्राविधिक | रेडियोलोजी | | ७ | ३ | १ | | | | | | | | स्नातक |
| | ५३/२०८१-०८२ | | | | | | | | १ | | | | | | | |
| | ५४/२०८१-०८२ | | | | | | | | | | १ | | | | | |
| २५ | ५५/२०८१-०८२ | फार्मेसी टेक्नोलोजिष्ट | प्राविधिक | फार्मेसी | | ७ | १ | | | | १ | | | | | स्नातक |
| २६ | ५६/२०८१-०८२ | सूचना प्रविधि ईन्जिनियर | प्राविधिक | सूचना प्रविधि | | ७ | १ | | १ | | | | | | | BE Information Technology |
| २७ | ५७/२०८१-०८२ | सि. स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ६ | १ | १ | | | | | | | | प्रमाणपत्र तह |
| २८ | ५८/२०८१-०८२ | स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ५ | ६० | | ३३ | | | | | | | प्रमाणपत्र तह |
| | ५९/२०८१-०८२ | | | | | | | | | ९ | | | | | | |
| | ६०/२०८१-०८२ | | | | | | | | | | ७ | | | | | |
| | ६१/२०८१-०८२ | | | | | | | | | | | ६ | | | | |
| | ६२/२०८१-०८२ | | | | | | | | | | | | २ | | | |
| | ६३/२०८१-०८२ | | | | | | | | | | | | | २ | | |
| | ६४/२०८१-०८२ | | | | | | | | | | | | | | १ | |
| २९ | ६५/२०८१-०८२ | रेडियोलोजी टेक्निसियन | प्राविधिक | रेडियोलोजी | | ५ | ५ | | ३ | | | | | | | प्रमाणपत्र तह |
| | ६६/२०८१-०८२ | | | | | | | | | १ | | | | | | |
| | ६७/२०८१-०८२ | | | | | | | | | | | | १ | | | |
| ३० | ६८/२०८१-०८२ | पोषण टेक्निसियन | प्राविधिक | पोषण | | ५ | २ | १ | | | | | | | | प्रमाणपत्र वा सो सरह गरी न्यूट्रिसन एण्ड डाईटेटिक्समा डिप्लोमा |
| | ६९/२०८१-०८२ | | | | | | | | १ | | | | | | | |

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | ७०/२०८१-०८२ | ल्याव टेक्निसियन | प्राविधिक | ल्याव | | ५ | ६ | १ | | | | | | | | प्रमाणपत्र तह |
| | ७१/२०८१-०८२ | | | | | | | | ३ | | | | | | | |
| | ७२/२०८१-०८२ | | | | | | | | | १ | | | | | | |
| | ७३/२०८१-०८२ | | | | | | | | | | | | १ | | | |
| ३२ | ७४/२०८१-०८२ | सूचना प्रविधि टेक्निसियन | प्राविधिक | सूचना प्रविधि | | ५ | २ | | १ | | | | | | | CTEVT बाट न्यूनतम ३ बर्षे ईन्फर्मेसन टेक्नोलोजीमा डिप्लोमा |
| | ७५/२०८१-०८२ | | | | | | | | | १ | | | | | | |
| ३३ | ७६/२०८१-०८२ | सूचना प्रविधि असिस्टेन्ट | प्राविधिक | सूचना प्रविधि | | ३ | २ | | १ | | | | | | | एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित बिषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद् (CTEVT) द्धारा न्यूनतम १८ महिने तालिम |
| | ७७/२०८१-०८२ | | | | | | | | | १ | | | | | | |
| ३४ | ७८/२०८१-०८२ | प्रशासन सहायक | प्रशासन | सामान्य प्रशासन | | ६ | १ | १ | | | | | | | | प्रमाणपत्र तह |

**आवश्यक थप योग्यता :** (पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम १७ संग सम्बन्धित अनुसूचि २ (ग) बमोजिम)

**प्राध्यापकः-** (क) कम्तीमा पाँच बर्षसम्म सह-प्राध्यापक भई काम गरेको, (ख) सम्बन्धित बिषयमा कम्तीमा पाँचवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जस्मा सह-प्राध्यापक भई कम्तीमा चार वटा प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको, (ग) सह-प्राध्यापक पदमा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको, (घ) कुशल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

**सह-प्राध्यापकः-** (क) कम्तीमा चार बर्षसम्म सहायक प्राध्यापक भई काम गरेको, (ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जस्मा सहायक प्राध्यापक भई कम्तीमा तीन प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको । (ग) सहायक प्राध्यापक पदमा कार्य गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको, (घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

**सहायक प्राध्यापकः-** (क) सम्बन्धित फिल्डमा कम्तीमा दुई बर्षको अनुभव प्राप्त, (ख) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जस्मा एक प्रकाशनमा मुख्य लेखकको रुपमा भएको ।

**लेक्चररः-** सम्बन्धित सेवा, समुह र उपसमुहको एक तह मुनिको पदमा वा अधिकृत स्तरको पदमा कम्तीमा चार बर्ष सेवा अवधि पुरा भएको ।

**अन्य बिषयः-** सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) बमोजिम हुनेछ । विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**सचिव**